

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार


देशको आर्थिक सामाजिक विकासमा ५२ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष २४ अंक ३ माघ-चैत २०७३ Year 24 Vol 3 January - March 2017


## बैंकको ५२ औं वार्षिकोत्सव सम्पन्न



**१० माघ, काठमाण्डौं**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५२ औं वार्षिकोत्सब माननीय उप-प्रधान तथा अर्थमन्त्री कृष्णबहादुर महराको प्रमुख आतिथ्यतामा विविध कार्यक्रमका बीच सम्पन्न भएको छ। माननीय उप-प्रधान तथा अर्थमन्त्री कृष्णबहादुर महराले नेपाल औद्योगिक विकास निगम(NIDC)लाई राष्ट्रिय वाणिज्य बैंकमा गाभिने बताउनुभएको थियो । हाल नेपाल सरकार मन्त्रिपरिषदले निर्णय समेत गरिसकेको छ।

उप-प्रधान तथा अर्थमन्त्री महराले ग्रामिण तहका जनतामा बैकिङ्ग पहुंच पुऱ्याउन राष्ट्रिय वाणिज्य बैंकको भुमिका अग्रणी हुनुपर्ने चर्चा गर्दै उत्पादनमुलक क्षेत्रमा कर्जा प्रवाह बढाउन बैंक व्यवस्थापनलाई आग्रह गर्नुभयो। उंहाले बैंकलाई बलियो बनाउन बैंक व्यवस्थापन, संचालक समिति र कर्मचारीहरु बीचको एकता बलियो हुनुपर्ने बताउनुभयो।

समारोहमा नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरन्जिबी नेपालले जोखिमयुक्त क्षेत्रमा कर्जा प्रवाह नगर्न बैंकहरुको ध्यान आकर्षण गराउनुभयो। उहाँले भन्नुभयो - लगानी जोखिमयुक्त हुनु भएन। वित्तीय स्थायित्वका लागि ८० प्रतिशत भन्दा बढि लगानी गर्न हुदैन। गभर्नर नेपालले नेपालको आर्थिक विकासमा रावा बैंकले खेलेको भुमिकाको सराहना गर्दै यो बैक नेपालका अन्य वाणिज्य बैंकहरुको तुलनामा अग्रणि रहेको बताउनुभयो।

बैंकका संचालक समितिका अध्यक्ष डा.रवीन्द्र प्रसाद पाण्डेले विगत १० वर्ष यता देखि बैंकको सवै वित्तीय सुचकहरु सकारात्मक ढगंले अगाडी बढिरहेका छन्। यद्यपी विद्यमान अवस्थामा बैंकका सामु थुप्रै प्रकारका चूनौतीहरु छन् र पनि बैंक भित्रको जनशक्तिलाई

बाँकी पृष्ट ३

## राष्ट्रिय वाणिज्य बैंक लि. र नेपाल भलिबल संघ बीच सम्झौता




**२० चैत, काठमाण्डौं**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल भलिबल संघ बीच तेस्रो राष्ट्रिय महिला तथा पुरुष क्लब लिग भलिबल प्रतियोगितालाई प्रायोजन गर्ने सम्झौता भएको छ। राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष डा.रबीन्द्र प्रसाद पाण्डेको समुपस्थितीमा सम्पन्न भएको सम्झौता कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ र नेपाल भलिबल संघका अध्यक्ष मनोरन्जनरमण शर्माले हस्ताक्षर गर्नुभएको थियो।

प्रत्येक वर्ष १० लाख रुपैया प्रदान गर्ने गरि दुई वर्षको लागि भएको सो सम्झौता पछि राष्ट्रिय लिग प्रतियोगिताको नामको अगाडी आरबीबी-एनबीए राष्ट्रिय महिला तथा पुरुष क्लब लिग भलिवल प्रतियोगिता नाम राख्नु पर्ने छ।

सो कार्यक्रममा अध्यक्ष डा. पाण्डेले बैक र संघ बीच भएको यो सम्झौता कार्य धेरै अगाडी सम्म जान सक्ने बताउनुभयो। बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले भलिबल खेलको विकासको लागि बैंकले सहयोग गरेको बताउदै आगामी दिनमा पनि मिलेर अगाडी बढ्ने बताउनुभयो। नेपाल भलिबल संघका अध्यक्ष शर्माले रावा बैंक जस्तो ठूलो प्रायोजकको आगमनबाट भलिबलको क्षेत्रमा नयां अध्याय थपिएको बताउनुभयो।

बाँकी पृष्ट ४




## सम्पादकीय

पछिल्लो समयमा विश्वभरिनै नगद रहित बैंकिङ्ग अवधारणाले स्थान पाउँदै आइरहेको छ, यसो हुनुको मुख्य कारण नगदमा आधारित कारोबारको बढ्दो जोखिम नै हो । नगदको कारोबारमा चोरी, लुटपाटजस्ता जोखिम त हुन्छ नै, अनौपचारिक वा अवैध आर्थिक गतिविधिले प्रोत्साहन पाउने जोखिम हुन्छ । त्यही भएरै अनौपचारिक कारोबारलाई नियन्त्रण गर्न भन्दै नेपाल सरकारले आगामी साउन १ गते बाट १० लाख रुपैया भन्दा माथीको कारोबार बैंकिङ्ग प्रणलीबाट गर्नुपर्ने व्यवस्था गरेको छ । यसले अवैध, अनौपचारिक कारोबार दुरुत्साहित हुनेछ भने बैंकिङ्ग प्रणालीमा भैरहेका संचालन जोखीम न्यूनिकरण भएर जानेछ तथा करको दायरामा नसमेटिएका जनतालाई करको दायरामा ल्याउन सघाउ पुग्ने छ । त्यही भएरै विश्वभरिका धेरै मुलुकले नगदमा आधारित कारोबारलाई दुरुत्साहित गर्दै आईरहेका छन् । आतंकवादमाथि हुने लगानी रोक्नका लागि औपचारिक नगद कारोबारको सीमा घटाउँदै लगिएको छ । सम्पत्ती शुद्धिकरणसम्बन्धी राष्ट्रसंघीय महासन्धीमा हस्ताक्षर गरेका पक्षधर मुलुकहरुले आफ्नो मुलुकका आन्तरिक कानुनलाई कडा तुल्याउदै ठूलो नगद कारोबारलाई नियन्त्रण गर्दै लगेका छन् । अर्कोतर्फ अहिले सूचना प्रविधिको बढ्दो विकासले गर्दा पनि नगद कारोबारको आवश्यकता कम हुंदै गइरहेको छ । औसतमा ४० प्रतिशत जनताले मात्र बैंकिङ्ग पहुंच पाईरहेको अवस्थामा अहिले पनि ठूलो जनताको आकार बैंकिङ्ग पहुंचभन्दा बाहिर रहेको अवस्थामा ठूलो कारोबारलाई चेकमा आधारित बनाउने कार्य चुनौतीपूर्ण भएको हुंदा औपचारिक वित्तीय प्रणलीको पहुंच वित्तीय साक्षरताको माध्यमबाट बढाउन सकिने देखिएको छ ।

## सुझाव तथा प्रतिकृयाको लागि

यस समाचारलाई उपयोगी हुने बैंकका गतिविधि, लेख, रचना, प्रतिकृया, सुझाव लगायतका सामग्री निम्न ठेगानामा प्रेषित गर्नुहुन अनुरोध छ । -स.

ई-मेल: rbbnl@rbb.com.np

सम्पर्क फोन नं.: ०१-४२५२५९५, Ext. २४२३

# अन्तर्राष्ट्रिय सम्मेलनमा राष्ट्रिय वाणिज्य बैंक




**१६ चैत, काठमाण्डौं**

नेप्लीज एकेडेमी अफ म्यानेजमेन्ट(NAM's) र इन्टरनेशनल फेडेरेसन अफ इस्ट एसियन म्यानेजमेन्ट एशोसियसन(IFEAMA's) को आयोजनामा काठमाण्डौंमा संचालन भएको "Knowledge Transfer and Transformation: Global and Local Business for Competitiveness and Social Justice" विषयक तीन दिने अन्तर्राष्ट्रिय सम्मेलनमा राष्ट्रिय वाणिज्य बैंकको तर्फबाट नायब महाप्रवन्धकहरू सुशिल श्रेष्ठ र कबिराज अधिकारी, विभागीय प्रमुखहरु उद्धव प्रसाद खनाल, कपिलमणि ज्ञवाली र गोपाल प्रसाद पौडेलले भाग लिनु भएको छ ।

राष्ट्रिय वाणिज्य बैंकले प्रायोजन गरेको सो अन्तर्राष्ट्रिय सम्मेलनमा अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय स्तरमा विख्यात प्राध्यापकहरूबाट अध्ययन तथा अनुसन्धानात्मक कार्यपत्रहरू प्रस्तुत भई हाल देखिएका व्यवस्थापकीय नेतृत्वको प्रभावकारीता, क्षमता, अवसर र चुनौतीका बारेमा व्यापक छलफल भएको थियो ।



# बैंकको ५२ औं ...



पूर्ण रुपमा उत्प्रेरित गर्न सकियो भने चुनौतीको सामना गर्न सकिने बताउनुभयो । अध्यक्ष डा. पाण्डेले बैंक जनताप्रति उत्तरदायी संस्था भएकोले तोकिएको सि.डि. रेसियो भित्र बसेमा तरलताको समस्या नआउने बताउनुभयो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले वित्तीय क्षेत्र सुधार कार्यक्रमले धरासायी हुनबाट जोगाएको यो बैंकको अहिले सबै वित्तीय परिसुचकहरु सन्तोषजनक अवस्थामा रहेको बताउनुभयो । उहाँले २०७३ पुस मसान्तसम्म बैंकले १ खर्व ३८ अर्व निक्षेप संकलन, ९३ अर्व ४८ करोड कर्जा लगानी र ८ अर्व ५८ करोड ८९ लाख पूँजी पुगेको बताउनुभयो । रावा बैंकले यस अवधिमा खुद मुनाफा करिव १ अर्व ३० करोड पुऱ्याएको छ । यो नाफा गत बर्ष पौष मसान्तमा १ अर्व ९ करोड थियो । खराब कर्जाको अनुपात ३ प्रतिशतको हाराहारीमा राख्न बैंक सफल भएको छ । आज भन्दा ५१ वर्ष अघि २०२२ साल माघ १० गते मुलुकको आर्थिक क्षेत्रको विकासमा टेवा पुऱ्याउने उद्देश्यकासाथ स्थापना भएको यो बैंक आज देशका ६८ जिल्लामा आफ्नो उपस्थिति जनाई देश र नागरिकको सेवामा समर्पित रहदै आएको छ । हाल मुलुकभर बैंकका १७१ वटा शाखा कार्यालय, ९० वटा ए.टि.एम, १७ स्थानमा एक्सटेन्सन काउण्टर, ७५ स्थानमा शाखारहित बैंकिंग सेवा संचालनमा रहेका छन् भने २०७४ आषाढ मसान्तसम्म थप १८ वटा शाखा कार्यालय, ४० वटा ए.टि.एम. र २५ स्थानमा शाखारहित बैंकिंग सेवा थप सञ्चालन हुने क्रममा रहेको व्यहोरा उहाले जानकारी गराउनुभयो ।

कार्यक्रममा उत्कृष्ट शाखा कार्यालय, सर्वोत्कृष्ट तथा उत्कृष्ट कार्य गर्ने ३१ जना कर्मचारीलाई बैंक पुरस्कार, पूर्व कर्मचारी सम्मान कार्यक्रम, २० वर्ष सेवा अवधि पुगेका कर्मचारीहरुलाई दीर्घसेवा पदक प्रदान गरिएको थियो । कार्यक्रममा अमर प्रहरी उत्तम थापाकी श्रीमती अन्जु थापालाई बीमा वापतको रु १ लाख रकम हस्तान्तरण गरिएको थियो भने काठमाडौं महानगरपालिकालाई यूएन पार्क निर्माणको लागि रु २० लाखको चेक हस्तान्तरण गरिएको थियो । कार्यक्रममा बैंकमा क्रियाशिल चार वटै ट्रेड यूनियनका अध्यक्षहरुले शुभकामना व्यक्त गर्नुभएको थियो ।

सो कार्यक्रममा माननीय उप-प्रधान तथा अर्थमन्त्री कृष्ण बहादुर महराको प्रमुख स्वकिय सचिव हिमाल शर्मा, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्याल, बैंक संचालक समितिका सदस्यहरु, कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत लिला प्रकाश सिटौला, नागरिक लगानी कोषका कार्यकारी निर्देशक राम कृष्ण पोखरेल, सिद्धार्थ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत विरेन्द्र बैदवार क्षेत्री, रावा बैंकका नायव प्रमुख कार्यकारी अधिकृतद्वय बिष्णु प्रसाद बैद्य, भुपेन्द्र पाण्डे, नायव महाप्रबन्धकहरु सुशिल श्रेष्ठ, कविराज अधिकारी, केशब प्रसाद लम्साल, टेकराज जोशी, विभागिय प्रमुखहरु लगायत कर्मचारीहरुको उपस्थिती रहेको थियो । कार्यक्रम संचालन ब्रान्च अपरेशन विभागका प्रमुख उद्धव प्रसाद खनालले गर्नुभएको थियो । सो कार्यक्रममा आर्थिक वर्ष २०७२/०७३ मा उत्कृष्ट कार्य गरेबापत बैंक पुरस्कार तथा उत्कृष्ट शाखा कार्यालयहरुको नाम घोषणा गरि एको थियो । उत्कृष्ट कर्मचारी तथा शाखा कार्यालयहरुलाई अलगै कार्यक्रम आयोजना गरेर पुरस्कार वितरण गरिनेछ ।

## उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी तथा शाखाहरु:–

राष्ट्रिय वाणिज्य बैंक लि. को ५२ औं वार्षिकोत्सव कार्यक्रममा सर्वोत्कृष्ट, उत्कृष्ट कार्य गरे वापत बैंक पुरस्कार तथा उत्कृष्ट शाखा कार्यालयहरुको नाम बैंकका नायव महाप्रबन्धक सुशिल श्रेष्ठले घोषणा गर्नु भएको नामावली यस प्रकार छ:

१) सर्वोत्कृष्ट बैंक पुरस्कार प्राप्त गर्ने कर्मचारी :-

| सि.नं. | पद | कर्मचारीको नाम | क.नं. | कार्यरत कार्यालय |
|---|---|---|---|---|
| १ | मुख्य प्रवन्धक | श्री कपिलमणी ज्ञवाली | १००४६ | सामान्य सेवा विभाग |

२) बैंक सेवा पुरस्कार प्राप्त गर्ने कर्मचारीहरु :-

| क्र.सं. | पद | कर्मचारीको नाम | क.नं. | कार्यरत कार्यालय | क्षेत्रीय कार्यालय |
|---|---|---|---|---|---|
| १ | प्रवन्धक | श्री दामोदर ज्ञवाली | ११२१२ | संस्थागत तथा साना मफौला कर्जा विभाग | |
| २ | उप-प्रवन्धक | श्री ऋषिनाथ अधिकारी | १०५१० | आन्तरीक लेखा परीक्षण विभाग | |
| ३ | सहायक प्रवन्धक | श्री अर्जुनप्रसाद दाहाल | ११०९४ | सूचना प्रविधि विभाग | |
| ४ | सहायक प्रवन्धक | श्री हारितकुमार रेग्मी | १०१२७ | तालीम तथा विकास विभाग | |
| ५ | वरिष्ठ सहायक | श्री साजन सुवाल | १०८५२ | इलेक्ट्रोनिक बैंकिङ्ग विभाग | |
| ६ | वरिष्ठ सहायक | श्री धर्मराज पौडेल | ८००२ | मानव संसाधन विभाग | |
| ७ | वरिष्ठ सहायक | श्री मुरारी अधिकारी | १०९८५ | प्रमुख कार्यकारी अधिकृतको कार्यालय | |
| ८ | उप प्रवन्धक | श्री कुमार निरौला | ९५४२ | ट्रेजरी विभाग | |
| ९ | सवारी चालक | श्री रामकुमार बलामी | ७६०४ | सामान्य सेवा विभाग | |
| १० | सहायक प्रवन्धक (कानुन) | श्री अर्ति नाथ बोकी श्रेष्ठ | ११७०२ | कानून विभाग | |
| ११ | शाखा प्रवन्धक | श्री दुश्यन्तराज निरौला | १११८४ | इटहरी | बिराटनगर |
| १२ | कनिष्ठ सहायक | श्री लिना यादव | १२०२६ | सुख्खाबन्दरगांह बिराटनगर | बिराटनगर |
| १३ | कनिष्ठ सहायक | श्री यसोदा खड्का | ११८७४ | दिङ्गला | बिराटनगर |
| १४ | कनिष्ठ सहायक | श्री पेशल दाहाल | ११९३३ | विर्तामोड | बिराटनगर |
| १५ | सहायक (कम्प्यूटर) | श्री राकेश कुशवाहा | ११५४१ | क्षेत्रीय कार्यालय, वीरगंज | बिरगञ्ज |
| १६ | सहायक (कम्प्यूटर) | श्री सुरज बिसुन्के | ११८६८ | पर्साढाप | बिरगञ्ज |
| १७ | सवारी चालक | श्री कृष्ण प्रसाद सिंखडा | ११२३१ | वीरगंज | बिरगञ्ज |
| १८ | सहयोगी (बाहक) | श्री खड्गप्रसाद तिमिल्सीना | १०२५२ | मु. शा. कार्यालय, काठमाण्डौं | काठमाडौं |
| १९ | शाखा प्रवन्धक | श्री गायत्री श्रेष्ठ | ११२०८ | सोनोठिमी | काठमाडौं |
| २० | सहायक प्रवन्धक | श्री मोहनप्रसाद देवकोटा | ९३६३ | क्षेत्रीय कार्यालय, काठमाण्डौ | काठमाडौं |
| २१ | वरिष्ठ सहायक | श्री ताराकुमार निरौला | ६७८८ | थापाथली | काठमाडौं |
| २२ | कनिष्ठ सहायक | श्री ऋतुप्रभा श्रेष्ठ | ११७३७ | विदुर | काठमाडौं |
| २३ | शाखा प्रबन्धक | श्री कुलबहादुर खत्री | ९८०१ | गैडाकोट | पोखरा |
| २४ | सहायक | श्री अनिल खनाल | १०६५५ | सुख्खाबन्दरगाह भैरहवा | पोखरा |
| २५ | कनिष्ठ सहायक | श्री कमला गुरुङ्ग | ११७५५ | भच्चेक | पोखरा |
| २६ | सहयोगी (बाहक) | श्री दोलखबहादुर पछाई | ९१४० | क्षेत्रीय कार्यालय, पोखरा | पोखरा |
| २७ | सहायक प्रवन्धक (कृषि) | श्री जगन्नाथ अधिकारी | ११६९८ | क्षेत्रीय कार्यालय, नेपालगञ्ज | नेपालगञ्ज |
| २८ | वरिष्ठ सहायक | श्री लोकबहादुर अधिकारी | १०१८३ | श्रीपुर वेलौरी | नेपालगञ्ज |
| २९ | सहायक | श्री लाल रोकाय | १११२२ | मान्म | नेपालगञ्ज |
| ३० | कनिष्ठ सहायक | श्री धनबहादुर रावल | ११७७० | दिपायल | नेपालगञ्ज |

**सर्व प्रथम हुने शाखा कार्यालय:–**

| श्रेणी | शाखा संकेत नं. | शाखा कार्यालय |
|---|---|---|
| प्रथम | ४३६ | नारायणपुर |

**विशिष्ट श्रेणी तथा (क) वर्गका शाखा कार्यालय: कुल शाखा संख्या: ९**

| श्रेणी | शाखा संकेत नं. | शाखा कार्यालय |
|---|---|---|
| प्रथम | ३१२ | वुटवल खस्यौली |
| द्वितीय | ३४८ | अमरसिंहचोक |
| तृतिय | १४२ | वानेश्वर |

**(ख) वर्गका शाखा कार्यालय: कुल शाखा संख्या: १२**

| श्रेणी | शाखा संकेत नं. | शाखा कार्यालय |
|---|---|---|
| प्रथम | ३०८ | भैरहवा |
| द्वितीय | १३० | हेटौंडा |
| तृतिय | १३१ | भरतपुर |

**(ग) वर्गका शाखा कार्यालय: कुल शाखा संख्या: ४२**

| श्रेणी | शाखा संकेत नं. | शाखा कार्यालय |
|---|---|---|
| प्रथम | २०६ | दिक्तेल |
| प्रथम | २६२ | विर्तामोड |
| द्वितीय | १६२ | नारायणगढ |
| तृतिय | १०६ | सिन्धुली |
| तृतिय | २१४ | दमक |
| तृतिय | १०३ | धादिङ्ग |
| तृतिय | १३७ | सूर्यविनायक |
| तृतिय | ३०२ | पृथ्वीचोक |

**(घ) वर्गका शाखा कार्यालय: कुल शाखा संख्या: ३९**

| श्रेणी | शाखा संकेत नं. | शाखा कार्यालय |
|---|---|---|
| प्रथम | १२९ | निजगढ |
| प्रथम | २०४ | भोजपुर |
| द्वितीय | ४०१ | दैलेख |
| तृतिय | २२५ | बरगाछी |
| तृतिय | १६८ | मन्थली |

**(ङ) वर्गका शाखा कार्यालय: कुल शाखा संख्या: ६८**

| श्रेणी | शाखा संकेत नं. | शाखा कार्यालय |
|---|---|---|
| प्रथम | ४३६ | नारायणपुर |
| द्वितीय | २४६ | इलामबजार |
| द्वितीय | १४८ | रातामाटा |
| तृतिय | ३३९ | कोटीहवा |
| तृतिय | ४१५ | भजनी |
| तृतिय | ४४७ | भुरीगाउँ |
| तृतिय | ३५१ | रामपुर |

# लोपोन्मुख आदिवासी/जनजाती समुदायका विद्यार्थीका लागि छात्रवृत्ती प्रदान



**६ फागुन, काठमाण्डौं**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले लोपोन्मुख आदिवासी/जनजाती समुदायका विद्यार्थीको उच्च शिक्षामा विशेष टेवा पुर्‍याउने उद्धेश्यले स्थापना गरेको रा.वा.बैंक स्वर्ण जयन्ती छात्रवृत्ती एक समारोहका बीच बैंक संचालक समितिका सदस्य डा.रामदेव सिंहले प्रदान गर्नुभएको छ ।

सो अवसरमा संचालक डा.सिंहले बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सो छात्रवृत्ती प्रदान गरिएको र छात्रवृत्ती पाउने विद्यार्थीहरुको उज्ज्वल भविष्यको लागि शुभकामना प्रदान गर्नुभयो । कार्यक्रममा नायव प्रमुख कार्यकारी अधिकृत बिष्णु प्रसाद बैद्यले यस किसिमको छात्रवृत्ती बैंकले गत वर्षदेखि दिइदै आएकोले त्यस अर्थमा यहाँहरु यस बैंकको राजदुत भएको हुनाले बैंकले गरेका राम्रा कार्यहरुको बारेमा आ-आफ्नो स्थानका साथीभाई तथा छरछिमेक बीच प्रचार गरिदिन आग्रह गर्नुभयो ।

देशभरका विभिन्न कलेजमा अध्ययनरत लोपोन्मुख आदिवासी/जनजाती समुदायका ६ जना विद्यार्थीहरुलाई कक्षा ११ र १२ तथा स्नातक तह अध्ययनका लागि सो छात्रवृत्ती प्रदान गरिएको हो । कक्षा ११ र १२ अध्ययनका लागि धर्मराज पथ्थरकट(कुशवाडीया)का लागि मासिक रु ३,५००।- का दरले दुई वर्षसम्म बैंकले छात्रवृत्ती प्रदान गरेको छ । त्यसैगरी मासिक रु ५,०००।- का दरले तीन वर्षसम्म स्नातक तह अध्ययन गर्नका लागि कृष्णगोपाल हायु, प्रविन्द्र राजी, विपुल मेचे चौधरी, मेनुका हायु र राजाराम राजीलाई छात्रवृत्ती प्रदान गरिएको छ ।

सो छात्रवृत्ती प्रदान कार्यक्रममा बैंकका नायव महाप्रवन्धकहरु सुशिल श्रेष्ठ, कबिराज अधिकारी, केशब प्रसाद लम्साल, विभागीय प्रमुख उद्धव प्रसाद खनाल, कपिलमणी ज्ञवाली, देबेन्द्र रमण खनाल, शंकर कुमार रायमाझी, विभागीय उप प्रमुख नारायण प्रसाद सुवेदी, कम्पनी सचिव शंभुनाथ योगी लगायतको उपस्थित थियो ।

# बागमती सफाइ महा-अभियानमा राष्ट्रिय वाणिज्य बैंक




**२८ फागुन, काठमाण्डौं ।**

बागमती सफाइ महाअभियानको २ सय हप्ता पूरा भएको अवसरमा फागुन २८ गते शनिबार बागमती सफाइ महा-अभियान,२०७० मूल आयोजक समितिको आयोजना तथा नेपाल बैंकर्स एशोसियसन मार्फत राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका कर्मचारीहरूले बागमती सफाइ अभियानमा सहभागिता जनाएका छन् ।

*"बागमती सफाइ महा-अभियानको गौरवमय २०० औं हप्तामा"* भन्ने नारा सहित बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठको नेतृत्वमा सहभागी भएको सो अभियानमा नायव महाप्रबन्धकद्वय सुशील श्रेष्ठ, केशव प्रसाद लम्साल, विभागीय प्रमुखहरु लगायत सयौंको संख्यामा कर्मचारीहरुले थापाथली स्थित बागमती नदीको सरसफाइ गरेका थिए ।

शनिवार बिहानै देखि पानी परिरहेको भएतापनि पानीको परबाह नगरी बैंक कर्मचारीहरुले बागमती नदीको सफाइ कार्यमा भाग लिएका थिए । यसैबीच, वातावरण रक्षा तथा बागमती सभ्यतालाई संरक्षण गर्नको लागि बैंकले बागमती सफाइ अभियानको मूल आयोजक समितिलाई १०० थान गम बुट र १०० थान पन्जा हस्तान्तरण गर्ने कार्यक्रम रहेको छ ।

# राष्ट्रिय वाणिज्य बैंक लि. र...

आगामी बैशाख ४ गते सम्पन्न हुने आरबीबी-एनबीए राष्ट्रिय महिला तथा पुरुष क्लब लिग भलिवल प्रतियोगितामा पुरुष तर्फ ८ टिम र महिला तर्फ ६ टिमले भाग लिने छन् भने प्रथम हुने टिमलाई २ लाख, द्वितीय हुने टिमलाई १ लाख तथा तृतीय हुने टिमलाई ५० हजार प्रदान गरिने छ । सो कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकका नायब प्रमुख कार्यकारी अधिकृत बिष्णु प्रसाद बैद्य, नायव महाप्रवन्धक टेकराज जोशी, विभागीय प्रमुख एवं खेलकुद समितिका अध्यक्ष सिए देबेन्द्र रमण खनाल, नेपाल भलिबल संघका महासचिव जीतेन्द्र बहादुर चन्द लगायतको उपस्थिती रहेको थियो ।

# पत्रपत्रिकामा राष्ट्रिय वाणिज्य बैंक ...



समाचार

## रा.बा. बैंक जनताको बैंक भएको प्रमाणित

काठमाडौं । तरलताको अभावलगायत देखाएर अस्वस्थ्य प्रतिस्पर्धा गरिरहेको निजी क्षेत्रका वाणिज्य बैंकले अहिले आएर मनपरि ब्याज बढाइरहँदा नेपालको एक मात्र सरकारी बैंक राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले खासै ब्याजदर नबढाएर अहिले पनि न्यूनतम ब्याजदरमा कर्जा दिइरहेको वास्तविकतालाई राष्ट्रिय वाणिज्य बैंक लि. नेपालको उद्योगी, व्यवसायी मात्र होइन जनताको एक मात्र बैंक भएको प्रमाणित हुन गएको छ ।

३ महिना अगाडि मात्र राष्ट्रिय वाणिज्य बैंकसित अनावश्यक प्रतिस्पर्धा लगायत लोकप्रिय र ग्राहक आकर्षण गर्न ६/७ प्रतिशत कर्जामा ब्याजदरको प्रलोभन दिने थुप्रै वाणिज्य बैंकले अहिले आएर निक्षेपमै ठूलो ब्याजको महँगो विज्ञापन गरेर रातारात 'एसएमएस' पठाएर ब्याजदरलाई १४ प्रतिशत पुर्‍याएर नेपालको उद्योग व्यवसायमा नांगो खेलबाड गर्दै बेइमानी गरेकाले उद्योग वाणिज्य क्षेत्रमा सन्त्रास र चिन्ता थपिएको छ ।

हिजो सकरारी बैंकभन्दै राष्ट्रिय वाणिज्य बैंकलाई खिसी गर्ने लाउकेहरू अहिले राष्ट्रिय वाणिज्य बैंकको प्रशंसाका गीत गाउन थालेका मात्र छैनन्, राष्ट्रिय वाणिज्य बैंकको स्थिर नीति कार्यक्रमले राष्ट्रिय वाणिज्य बैंकको लोकप्रियता आमजनतामा बढाएको मात्र छैन थामिनसक्नु हिसाबले कर्जाको माग रावा बैंकको शाखा, शाखामा व्यापक भइरहेको छ । थोरै कर्मचारीले हाल स्तरीय सेवा उपलब्ध गराएको राष्ट्रिय वाणिज्य बैंकको ग्राहकको विश्वास हाल उच्च रहेको पाइएको छ ।

अन्य वाणिज्य बैंकले कर्जामा हाल कडाईसँगै कर्जाको चाप राष्ट्रिय वाणिज्य बैंकमा व्यापब बढेसँगै जग्गा दलाललगायतका दलाली पेसामा संलग्न व्यक्तिहरूको व्यापक चलखेल रावा बैंकमा भइरहेको छ । ती दलाललाई निरुत्साही नगरिने हो भने बैंकको कर्जा असुलीमा व्यापक रास आउने देखिन्छ । दलालबाट र तेस्रोत व्यक्तिमार्फत् आउने कर्जालाई समयमा रावा बैंकका कर्मचारीले रोक्नुपर्ने आवश्यक देखिन्छ ।

केही समयअगाडि मात्र गण्डकी क्षेत्रमा एमालेका एक कार्यकर्ता काठमाडौंको एक प्रमुख शाखाबाट रू. ३० लाख होटल व्यवसायको नाममा लिएको कर्ण स्वीकृतिपछि ऋणीसित कर्मचारीलाई दिनुपर्ने भनि खाएको घूसको खबर कर्मचारीले थाहा पाई ऋणीलाई कर्जा चुक्ता गर्न र दलाललाई बैंकमा पाइला नहाल्ने चेतावनी दिएपछि उल्टै बैंकको कर्मचारीकै चरित्रहत्या गर्न एमाले सम्बद्ध युनियनका नेतालाई प्रयोग गरेको गरेको घटना सुनिएको छ । जसको कारण इमानदार कर्मचारीहरु कर्तव्यविमूढ भएका छन् ।

बैंक व्यवस्थापनबाट यस्ता कमिसनखोर दलालको हल्लालाई निरुत्साहित गरेर कर्मचारीको चरित्र हत्या गरी आफ्नो दुनो सोभ्याउने दलाली कुप्रचारलाई निरुत्साहित गर्दै इमान्दार कर्मचारीलाई उसको अडानको पक्षमा समर्थन नगर्ने हो भने २०४० र २०५० सालतिर वाणिज्य बैंकमा भुक्किएका कमिसन प्रवृत्तिले बैंकलाई पुरानै अवस्थामा नलैजाला भन्ने छैन ।



## वाणिज्य बैंकले खोल्यो कर्पोरेट शाखा



ORTS

## NVA joins hands with RBB fo National Club League

**मानव संशाधन स्तम्भ**

# तालिम विदेश




सन् २०१७ जनवरी २३ देखि २७ सम्म थाईलैण्डको बैंककमा संचालित "International Training and Study Visit of Banking Service Emerging Delivery Channels " विषयक तालिम कार्यक्रममा बैंकका देहाय बमोजिमका कर्मचारीहरुले सफलतापूर्वक भाग लिनुभयो ।

| पद | नाम | कार्यरत कार्यालय |
|---|---|---|
| १. प्रवन्धक | उद्धव प्रसाद गौतम | बालाजु |
| २. प्रवन्धक | आनन्द सुवेदी | सिंहदरवार |
| ३. प्रवन्धक | प्रमोद अधिकारी | अमरसिंहचोक |
| ४. प्रवन्धक | शिव प्रसाद चालिसे | सुर्य विनायक |
| ५. प्रवन्धक | हरिशचन्द्र भट्ट | महेन्द्रनगर |
| ६. प्रवन्धक | राजेन्द्रमान सिंह | मु.शा.का. |
| ७. उप प्रवन्धक | बिनोद पाण्डे | रामनगरबजार |
| ८. उप प्रवन्धक | कृष्ण प्रसाद पौडेल | गरुडाबजार |
| ९. उप प्रवन्धक | सन्तोष लम्साल | बरगाछी |
| १०. उप प्रवन्धक | मनिराज तामाङ्ग | बेलवारी |
| ११. उप प्रवन्धक | कर्णदेब जोशी | कोहलपुर |
| १२. उप प्रवन्धक | सन्जीव सुवेदी | कुश्मा |
| १३. उप प्रवन्धक | बिष्णु प्रसाद पोखरेल | दैलेख |
| १४. सहायक प्रवन्धक | ज्ञान बहादुर भुलोन | कलैया |
| १५. सहायक प्रवन्धक | सूर्य प्रसाद लम्साल | बेशीसहर |
| १६. सहायक प्रवन्धक | होम बहादुर कार्की | पथरी |
| १७. सहायक प्रवन्धक | टिकाराम पाण्डे | गुलरिया |
| १८. सहायक प्रवन्धक | उमेश कुमार शर्मा | चरिकोट |
| १९. सहायक प्रवन्धक | दिपक प्रसाद पौडेल | सिन्धुली |
| २०. सहायक प्रवन्धक | श्याम सुन्दर गौतम | लमही |

# एटिएम संचालन तथा सूचना प्रविधि सम्बन्धी तालिम सम्पन्न




**१४ फागुन, बुटवल**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको तालिम तथा विकास विभाग र इलेक्ट्रोनिक बैंकिङ्ग विभागको संयुक्त आयोजनामा एटिएम संचालन, कार्ड तथा सूचना प्रविधि सम्बन्धी दुई दिवसीय तालिम बुटवलमा सम्पन्न भएको छ । तालिमको उद्‌घाटन गर्दै बैंक संचालक समितिका अध्यक्ष डा.रवीन्द्र प्रसाद पाण्डेले राष्ट्रिय वाणिज्य बैंकको सफलता कर्मचारीहरुले प्रविधिको प्रयोग सहि किसिमले गरेका कारणले हुन सकेको र पूर्ण रुपमा पेपरलेस बैकिङ्ग अभियानमा बैंक लागिपरेको बताउनुभयो । सोही कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले बैंकले सवै शाखाहरुमा एटिएम पुऱ्याउने र बैंकका कर्मचारीहरुको दक्षता अभिबृद्धि गर्दै प्रविधिको प्रयोगबाट राष्ट्रिय वाणिज्य बैंकको संचालन लागतमा कटौती हुने बताउनुभयो ।

पोखरा क्षेत्रीय कार्यालय र नेपालगंज क्षेत्रीय कार्यालय अर्न्तगतका शाखाहरुमा कार्यरत ८६ जना एटिएम तथा आइटि फोकल कर्मचारीहरुलाई एटिएम संचालन, जोखिम, सुरक्षा, हिसाब मिलान, कार्ड सेटलमेन्ट, मोबाइल बैंकिङ्ग र काम गर्दा आइपर्ने जोखिमका बारेमा तालिम दिईएको थियो ।

तालिम कार्यक्रममा इलेक्ट्रोनिक बैंकिङ्ग विभागका प्रमुख रिको स्थापित, प्रवन्धक हेमन्त जि.सी, प्रवन्धक गगन घिमिरे, उप-प्रवन्धक आनन्द चौधरी, मुरलीधर भट्ट तथा डब्लुडिएनका प्राविधिकहरुले प्रशिक्षण दिनुभएको थियो ।

(सहायक प्रवन्धक मुक्त बहादुर के.सी.को सहयोगमा तयार गरिएको)



# राष्ट्रिय वाणिज्य बैंकको सेवा घरमै...



बैंक सम्म आउन नसकेकी असहाय महिला बनेपा न.पा. वार्ड नः ५ घोगेचौर बस्ने वर्ष ७३ की जमुना बस्नेतलाई रावा बैंक शाखा कार्यालय बनेपामा कार्यरत कम्प्युटर सहायक सोनी ताम्रकारले सामाजीक सुरक्षा भत्ता वापतको नगद रु ८०००।- र चेक बुक हस्तान्तरण गर्दै ।

युनियन गतिविधि

# कर्मचारी संघको केन्द्रीय महिला प्रशिक्षण कार्यक्रम सम्पन्न




**२८ माघ, काठमाण्डौं**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल केन्द्रीय महिला विभागद्वारा आयोजीत केन्द्रीय महिला प्रशिक्षण लैनचौर स्थित पेशागत महासंघ नेपालको भवनमा दुई दिवसीय कार्यक्रम सम्पन्न भएको छ।

नेकपा एमालेकी उपाध्यक्ष एवं सांसद अष्टलक्ष्मी शाक्यको प्रमुख आतिथ्यता र केन्द्रीय महिला विभागकी संयोजक एवं रावा बैंक कर्मचारी संघ नेपालकी उपाध्यक्ष तोया ढुङ्गेलको अध्यक्षतामा आयोजीत सो कार्यक्रममा शाक्यले नयाँ सविधानले महिलाका अधिकारहरू सुनिश्चित गरेको र आगामी दिनमा देशले आर्थिक सामाजीक रुपान्तरण गर्दै देश नयां समृद्धिको बाटोमा अगाडी बढ्नुपर्ने र यस कार्यमा महिलाहरुको भुमिका तथा योगदानलाई समावेश गरेर अगाडी बढ्नुपर्ने आवश्यकता रहेको बताउनुभयो।

सो प्रशिक्षण कार्यक्रममा पेसागत महासघं नेपालका पूर्व महासचिव शिव अधिकारी, बैंक,बीमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ(BIFU) नेपालका अध्यक्ष नारायण प्रसाद सुवेदी, पेसागत महासंघ नेपालका उपाध्यक्ष दीपक सुवेदी, रावा बैक कर्मचारी संघ नेपालका अध्यक्ष बेदबहादुर लावती लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।

# क्षे.का. विराटनगरद्वारा रक्तदान कार्यक्रम आयोजना

**१० माघ, विराटनगर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटडको ५२ औं वार्षिकोत्सवको अवसरमा माघ १० गते क्षेत्रीय कार्यालय विराटनगर रानीले आयोजना गरेको रक्तदान कार्यक्रममा बैंकका कर्मचारी, शिक्षक, विद्यार्थी, प्रहरी, लगायत ३३ जना रक्तदाताहरुले रक्तदान गर्नुभएको थियो। क्षेत्रीय प्रबन्धक राजेन्द्र कुमार कट्टेलको सभापतित्वमा सम्पन्न रक्तदान कार्यक्रमको संयोजन उप प्रबन्धक राजुचन्द्र दहालले गर्नुभएको थियो। उप प्रबन्धक गायत्री गुरागाईले संचालन गर्नुभएको कार्यक्रममा विशिष्ट अतिथि एवं.रा.बा.बैंक लि.का पुर्व नायब महाप्रबन्धक सुरेन्द्र कुमार बजिमयोले सवै पक्षहरुलाई समेट्दै बैंक उज्वल भविष्यका साथ अघि बढ्न सकोस भनी शुभकामना दिनुभएको थियो। नेपाल राष्ट्र बैंक विराटनगरका का.मु. व्यवस्थापक डा. रामशरण खरेलले रावा बैंकले विगतका कठिन परिवेशलाई पारगर्दै हाल अत्याधुनिक बैकिङ्ग कारोवार गर्न सक्षम भएको र आगामी दिनमा वित्तीय क्षेत्रमा नेतृत्वदायी भूमीका निर्वाह गर्न सक्षम होस भनी शुभकामना दिनुभयो । कृषि विकास बैंक विराटनगरका क्षेत्रीय निर्देशक पारसमणि ढकालले कृषि विकास बैंक लि. बैंकिग क्षेत्रमा प्रतिस्पर्धी नभई सहयात्री भएकोले बैंकको प्रगतिको लागि विशेष शुभकामना दिनुभयो। कार्यक्रममा बैंकमा कियाशिल ट्रेड यूनियनका प्रतिनीधिहरुले सुझाव सहित शुभकामना दिनुभएको थियो।

(उप प्रबन्धक राजुचन्द्र दहालको सहयोगमा तयार गरिएको)

# नारायणगढ शाखाद्वारा खाना तथा कपडा सहयोग




10 df#, gf/fo)fu(

राष्ट्रिय वाणिज्य बैंक लि.को ५२ औं वार्षिकोत्सवको उपलक्ष्यमा माघ १० गते शाखा कार्यालय नारायणगढबाट बसेनी बजार चितवनमा रहेका मन्जुश्री असहाय संरक्षण केन्द्रका असहाय महिला तथा बालवालिकाहरुलाई प्रबन्धक, सहायक प्रवन्धक लगायतको उपस्थितमा कर्मचारीहरु बाट न्यानो कपडा तथा खानेकुराहरु वेग्ला वेग्लै र संयुक्त रुपमा वितरण गर्ने कार्यक्रम सम्पन्न भयो।

मन्जुश्री बाल क्लवका अध्यक्ष अनु सुवेदीले संचालन गर्नु भएको उक्त कार्यक्रममा संस्थाको बारेमा आमा देवु सुनारले प्रकाश पार्नु भएको थियो भने शाखा प्रवन्धक केशवनारायण प्रधानले असहाय महिला तथा बालबालिकाहरुलाई संरक्षण गर्ने उद्धेश्यका साथ दिदी बहिनिहरुबाट संचालीत संस्थामा बैंकको वार्षिकोत्सवको उपलक्ष्यमा सानो भएपनि सहयोग गर्न पाएकोमा खुसी व्यक्त गर्दै संस्थाले चालेका कदम सकारात्मक र प्रभावकारी रहोस भन्ने शुभकामना व्यक्त गर्नु भएको थियो।

(शाखा प्रवन्धक केशवनारायण प्रधानको सहगोगमा तयार गरिएको)

## तालिम तथा विकास

राष्ट्रिय वाणिज्य बैंक लि. तालिम तथा विकास विभागद्वारा आ.व. २०७३/०७४ को चैत मसान्त सम्ममा संचालित कुल ६८ वटा आन्तरिक तथा वाह्य तालिम समेत गरी जम्मा १ हजार ६ सय १२ जना सहभागी भएको तालिम तथा विकास विभागका प्रमुख मित्रलाल पंज्ञानीले बताउनुभएको छ।

## संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत वित्तीय साक्षरता

- बैंक चेक, ए.टी.एम. कार्ड, मोबाइल बैंकिङ्ग सेवाहरु प्रयोग गरी नगद कारोबार कम गर्ने बानी बसालौं।
- नोटमा जथाभावी केरमेट नगरौं, नलेखौं।

# राष्ट्रिय वाणिज्य बैंकद्वारा विद्यालयलाई कम्प्युटर हस्तान्तरण



**१० चैत, काठमाडौं**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह अन्तर्गत भोजपुर जिल्लाको ग्रामिण क्षेत्रमा रहेका विद्योदय मा.बि., सरस्वती निम्न मा.वि. र राम अमर शहिद पुस्तकालयलाई ४ थान कम्प्युटर र १ थान ल्यापटप समाजिक संस्था ईश्वर मन्दिर मार्फत विहीबार एक कार्यक्रमका बीच हस्तान्तरण गरेको छ।

राष्ट्रिय वाणिज्य बैंकका अध्यक्ष डा. रबीन्द्र प्रसाद पाण्डेले सामाजिक संस्था ईश्वर मन्दिरका अध्यक्ष प्रमेश के.सी. मार्फत कम्प्युटर हस्तान्तरण गर्दै राष्ट्रिय वाणिज्य बैंकले बैकिङ्ग कारोबारसंगै सामाजिक कल्याणको लागि पनि नियमित रुपमा कार्य गर्दै अगाडी बढिरहेको बताउनुभयो। सो कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले शिक्षा जस्तो पवित्र क्षेत्रमा सहयोग गर्न पाएकोमा खुशी व्यक्त गर्दै आगामी दिनमा समाजलाई आवश्यक परेको क्षेत्रमा बैंकले सहयोग गर्दै जाने विचार व्यक्त गर्नुभयो।

उक्त कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकका संचालकहरु ज्ञानेन्द्रराज कोइराला, बटुकनाथ ढकाल, डा.रामदेब सिंह, नायब प्रमुख कार्यकारी अधिकृत बिष्णु प्रसाद बैद्य, नायब महाप्रवन्धकहरु सुशिल श्रेष्ठ, केशव प्रसाद लम्साल, टेकराज जोशी लगायत विभागीय प्रमुखहरुको उपस्थिती रहेको थियो।

# ब्रान्चलेस बैंकिङ्गको शुभारम्भ




**९ फागुन, गोरखा**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड इलेक्ट्रोनिक बैकिङ्ग विभाग तथा शाखा कार्यालय गोरखाको अग्रसरतामा गोरखा जिल्लाको पालुङ्गटार, बारपाक तथा धादिङ्ग जिल्लाको बुढाथुङ्गमा ब्रान्चलेस बैकिङ्गको शुभारम्भ गरिएको छ। स्थानीय व्यवसायी प्रतिनिधि, स्थानीय जनताहरु, स्थानीय राजनैतिक दलका प्रतिनिधीहरु तथा रा.वा. गोरखा शाखाका कर्मचारी उपस्थिति रहेको उक्त कार्यक्रमको उदघाटन इलेक्ट्रोनिक बैकिङ्ग विभागका उप प्रवन्धक (आई टी) राम प्रसाद जोशीले गर्नु भएको थियो। सो कार्यक्रममा उप प्रवन्धक राम प्रसाद जोशीले ब्रान्चलेश बैकिङ्गको आवश्यकता तथा महत्व, बरिष्ठ सहायक साजन सुवाल तथा बरिष्ठ कम्प्युटर (अपरेटर) सुरेश अवालले ब्रान्चले बैकिङ्गको प्राविधिक पक्षको बारेमा प्रकाश पार्नु भएको थियो। उक्त कार्यक्रममा रा.वा. बैंक गोरखा शाखाका प्रवन्धक महेन्द्र तिमिल्सिनाले स्थानीय तहमा व्यवसायिक प्रतिनिधी तथा स्थानीय जनताको बीचमा ब्रान्चलेस बैकिङ्ग सेवालाई सर्वसुलभ ढंगले सेवा दिन आफु तत्पर रहेको प्रतिवद्धता समेत जनाउनु भएको थियो। साथै नागरिक समाज, स्थानीय दलका प्रतिनिधीहरुले उक्त कार्यक्रममा शुभकामना व्यक्त गर्नुभएको थियो।

**गीत**

# यो हो राष्ट्रिय वाणिज्य बैंक



रचना तथा संगीतः
अग्र बहादुर बिष्ट "परिवर्तन"
सहायक प्रवन्धक

तराई पहाड दुर्गम-हिमाल,फैलिएको सबै ठाउँमा,
शहरमा मात्र होइन, सेवा दिन्छ गाउँ गाउँमा।

यो हो राष्ट्रिय वाणिज्य बैंक,
तपाईंको आफ्नै वाणिज्य बैंक,
सबै नेपाली जनताको बैंक।

आफ्नो लामो जीवनकालमा नाफा घाटा कति भयो,
उद्यमीको सेवा गर्न कैयौं दुःख पीडा सह्यो,
तर पनि यो बैंकले जनसेवा कम गरेन,
त्यसैले त जनताको विश्वास कहिले कम भएन।

यो हो राष्ट्रिय वाणिज्य बैंक,
तपाईंको आफ्नै वाणिज्य बैंक,
सबै नेपाली जनताको बैंक।

कति बैंक खुले यहाँ प्रतिस्पर्धा गर्ने नाउँमा,
सक्षम नै छ रा.वा.बैंक अरु बैंकको तुलनामा,
मोवाईल बैकिङ्ग अत्याधुनिक प्रविधि यो बैंक सँग,
त्यै भएर रा.वा.बैंक संग हुन्छन सबै दङ्ग।

यो हो राष्ट्रिय वाणिज्य बैंक
सरकार संरक्षक भएको बैंक,
तपाईंको आफ्नै वाणिज्य बैंक
सबै नेपाली जनताको बैंक।

# श्रद्धान्जली



**जन्मः**
**वि.स.२०२३।०६।०५**

**स्वर्गारोहणः**
**वि.स.२०७३।११।०२**

यस बैंकको शाखा कार्यालय बिराटनगरमा कार्यरत बरिष्ठ सहायक भोजराज पौडेल (१०५१३ ) को असामयिक निधन भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD. ...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**परिवार**

# ब्रान्च प्रोफाईल शाखा कार्यालय नारायणपुर (४३६)

(आ.व.२०७२।७३ को सर्वोत्कृष्ट शाखा)



निक्षेप : रु २०,२६,२३,३९१।५८

कर्जा : रु ४१,०४,०६,०४२।२५

ग्राहक संख्या : ६९५४

कर्मचारी संख्या : ४

प्रवन्धक : हेमबहादुर खड्का

प्रति कर्मचारी कर्जा : रु.१०,२६,०१,५१०।६०

प्रति कर्मचारी निक्षेप : रु.५,०६,५५,८४७।९०

मुनाफा : रु.२,५९,८३,६३१।९२

NPA : ०

शाखा कार्यालय पुर्नस्थापना : २०७०।०१।१४

## सफलताको रहस्य :

कुशल नेतृत्व, कर्मचारीहरुको लगनशिलता, उच्च नैतिक बल, ग्राहक मैत्री व्यवहार, के.का. तथा क्षे.का. को सहयोग तथा समन्वय, कर्जा ग्राहक तथा बचत ग्राहकहरुको सहयोग, उद्योग वाणिज्य संघ र प्रशासनिक निकायको सहयोग तथा विश्वास, उपलव्ध श्रोत तथा साधनहरुको उचित परिचालन आदी ।

## समवेदना

यस बैंकको शा.का.दुहबीमा कार्यरत शाखा प्रवन्धक रुद्र प्रसाद तिमिल्सीना(९५४४)का बुबा खडानन्द तिमिल्सीना, शा.का. महेन्दपुलमा कार्यरत कार्यालय सहयोगी चुडामणी आचार्य(९१३७) का आमा कलावती आचार्य, शा.का. कंलकीमा कार्यरत ब.स. पारसमणी सिग्देल(९९४४)का बुबा रेवती रमण सिग्देल, क्षे.का.नेपालगंजमा कार्यरत उप-प्रवन्धक सुरेश सापकोटा(११६२१)का आमा डिल कुमारी सापकोटा, शा.का. भजनीमा कार्यरत नगद सहायक जगती रोकाया(८६७८)का आमा पार्वती देबी रोकाया, शा.का. कुश्मामा कार्यरत सुरक्षा गार्ड ऋषिराम जी.सी.(११३०४) का आमा हिरा कुमारी जी.सी., के.का.जोखिम ब्यवस्थापन विभागमा कार्यरत सहायक प्रवन्धक नारायण प्रसाद पौडेल(१०६६१) का बुबा मोहनदत्त शर्मा उपाध्याय, शा.का. विराटनगरमा कार्यरत कार्यालय सहयोगी माधब लामिछाने (८८४५)का आमा भागिरथी लामिछाने, शा.का. तौलिहवामा कार्यरत कार्यालय सहयोगी नरेश कुमार हेला(८१४०)का आमा पार्वती देबी हेला, शा.का. जलेश्वरमा कार्यरत ब.स. ललित कि. झा (५९२३)का बुबा जगदीश झा को केहि पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD. ...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

# क्लीन आरबीबी बनाउन बैंकको पुराना सम्पत्तीको लिलामी



**२४ चैत, काठमाण्डौं**

राष्ट्रिय वाणिज्य बैंक सामान्य सेवा विभागले लामो समयदेखि थन्किएर रहेका काम नलाग्ने अवस्थामा पुगेका पुराना स्थिर सम्पत्ती सवारी साधन, फर्निचर, कार्यालय उपकरण, ब्याट्री लगायतका पुराना सामानहरुको बढाबढ लिलामी तथा कागजात धुल्याउने प्रक्रिया शुरु गरेको छ। बैंकको आर्थिक प्रशासन विनियमावली, २०६८ मा भएको ब्यवस्था अनुसार सुरु गरिएको लिलामी प्रक्रियाबाट प्रथम चरणमा १९ वटा पुरानो मोटरसाइकल, २ वटा पुरानो कार तथा १ वटा पुरानो जीप बढाबढ प्रक्रियाबाट लिलाम सकार भएको सामान्य सेवा विभागले जनाएको छ । क्लिन आरबीबी बनाउने बैंक ब्यवस्थापनको प्रयास अनुसार हाल केन्द्रीय कार्यालयबाट सुरु गरिएको लिलामी प्रकिया चालु आ.व. २०७३/०७४ को अन्त्य सम्ममा सबै क्षेत्रीय कार्यालय तथा शाखा कार्यालयहरुले पुराना तथा काम नलाग्ने अवस्थामा पुगेका स्थिर सम्पत्ती सवारी साधन, फर्निचर, कार्यालय उपकरण, ब्याट्री लगायतका सम्पत्तीहरुको लिलामी तथा कागजात धुल्याउने गरि सम्पत्तीको अद्यावधिक गर्ने, स्थीर सम्पत्तीहरुको विवरण अनलाइन सिस्टमबाट रेकर्ड हेर्न सकिने तयारी भैरहेको सामान्य सेवा विभागले जनाएको छ । पुराना सम्पत्तीको लिलामी पछि सम्पत्तीको अद्यावधिक हुने, सवारी साधनको बर्षेनी कर तिर्नु नपर्ने, सरसफाइ हुने, ठाउँ नओगट्ने तथा नयाँ सम्पत्तीको माग तथा आपुर्तीको ब्यवस्थापन हुन गई बैंक परिसर सरसफाइ युक्त हुने विश्वास लिइएको छ ।



Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Public Relation & Information Branch, Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423
Chief Advisor: Kiran Kumar Shrestha, CEO. Advisor: Sushil Shrestha, DGM & Information Officer.
E-mail: rbbnl@rbb.com.np
Printed at: Adarsha Chhapakhana, Bhaktapur, Tel: 9841068987, 9851039361